नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग


प.सं. ०८१/०८२

चलानी नम्बरः-

ताहाचल, काठमाडौं

## प्रेस विज्ञप्ति

आज मिति २०८२ आषाढ ६ गते तदनुसार इश्वी सम्बत् २०२५ जुन २० का दिन वैदेशिक रोजगार विभागका महानिर्देशक श्री कमल प्रसाद भट्टराई र इजरायलका महामहिम राजदूत श्री Shmulik Arie Bass बीच सौहार्दपूर्ण वार्तालाप भयो। वार्तामा वर्तमान अवस्थामा इजरायलमा रहेका नेपाली नागरिकहरूको सुरक्षा र उद्धार सम्बन्धमा आवश्यक परेमा इजरायल सरकारद्वारा सक्रियतापूर्वक सहयोग गर्न अनुरोध गरियो।

यस वार्तामा वर्तमान अवस्थामा सुधार भई स्थिति सहज भए पश्चात् यस अघि छनौट भई इजरायल प्रस्थानको क्रममा रहेका केयर गिभरहरूको सुरक्षित प्रस्थान मिलाउने, भिसा लगायतमा सकारात्मक सहजिकरण गर्ने तथा माग बमोजिमका सहायक कामदारहरूको स्वास्थ्य परीक्षण सम्बन्धमा समेत सौहार्दपूर्ण छलफल सम्पन्न भयो। साथै, इजरायल प्रस्थानको प्रतिक्षामा बसेका सहायक कामदारहरुको भिसा म्याद समाप्त भएमा म्याद थपको व्यवस्था गर्ने सम्बन्धमा समेत छलफल भयो।यसका साथै इजरायलका Groceries, Park, School, Highway, Farms आदिमा रहेको/गएको अवस्थामा समेत नागरिकको सुरक्षा व्यवस्थाका सम्बन्धमा जानकारी लिईएको थियो।

सो छलफल कार्यक्रममा विभागका उप-महानिर्देशक चन्द्र बहादुर शिवाकोटी र निर्देशक गिरीराज ज्ञवाली समेतको सहभागिता रहेको थियो।

मितिः २०८२ आषाढ ६ गते शुक्रबार

नेपाल संवतः ११४५ तछलागा नवमी

( चन्द्र बहादुर शिवाकोटी )

उप महानिर्देशक/प्रवक्ता


टेलिफोन नं: ०१-४७९२६१६, ४७९२६७१, ४७९२६४८, ४७९२७११०, ४७९२६५८ फ्याक्स नं: ०१-४७९२६०६